प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/१०/२५

(बेलुका ६:०० बजे)

### ❖ बागमती प्रदेशको कोभिड सम्बन्धित समग्र जानकारीः

- ❖ बागमती प्रदेशमा जम्मा जनसंख्या* ६२८३९९४ जना।
- ❖ कोभिडकोलागि गरिएको पिसिआर परिक्षणको जम्मा संख्या ११८२७३६ जना ।
- ❖ कोभिडको संक्रमण (पिसिआर परिक्षण पोजीटिभ) जम्मा संख्या १४९५५५ जना ।
- ❖ संक्रमणको जम्मा पोजीटिभ दर १२.६४ प्रतिशत।
- ❖ २४ घन्टामा गरिएको पिसिआर परिक्षणको संख्या १७४९ जना।
- ❖ २४ घन्टामा संक्रमणको पोजीटिभ दर ३.९५ प्रतिशत।
- ❖ सबभन्दा बडी सक्रिय संक्रमण भएका तिन जिल्लाहरु काठमान्डौ, ललितपुर र भक्तपुर हुन् ।
- ❖ सक्रिय संक्रमण सबै जिल्लामा पाइएको छ ।
- ❖ जम्मा आइसीयु बेडको संख्या ४१५, आइसीयु मा भर्ना भएको संख्या २५ जना ।
- ❖ जम्मा भेन्टिलेटरबेड को बेड संख्या १६०, भेन्टिलेटरबेडमा भर्ना भएको संख्या ८ जना।
- ❖ प्रदेशमा भएको पिसिआर प्रोयोगशालाको संख्या ४३; सरकारी २० वटा, गैर सरकारीमा २३ वटा ।
- ❖ पिसिआरको परिक्षण सरकारी संस्थामा ५०.५१% प्रतिशत (प्रदेशमा भएको जम्मा परिक्षणको ), गैर सरकारी संस्थामा ४९.४९% प्रतिशत (प्रदेशमा भएको जम्मा परिक्षणको )।
- ❖ आइसोलेसन, आइसीयु, भेन्टिलेटरको राम्रो तयारी रहेको ।
- ❖ एम्बुलेन्स सेवाको पूर्व तयारी राम्रो रहेको ।
- ❖ अन्य सुरक्षाको सामग्रीको पूर्व तयारी राम्रो रहेको ।
- ❖ समग्रमा संक्रमण घट्ने क्रममा रहेको तर कोभिड संक्रमणकोलागि हुने जोखिमका ब्यबहारहरु अझै उच्च रहेकोले उच्च सावधानी आपनाउनु पर्ने देखिन्छ।

श्रोतः *HMIS projection FY १८/१९ र सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/१०/२५


## समग्र नेपाल र बागमती प्रदेशको संक्रमणको अवस्था बारे थप जानकारी :


- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब पचपन्न प्रतिशत (५४.७२%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा कम रहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या कुल नेपालको भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | २७१९२५ (१००%) | १४९५५५ (१००%) |
| निको भएको | २६८०७२ (९८.५८%) | १४७३९० (९८.५५%) |
| उपचाररत | १८१५ (०.६७%) | ११६७ (०.७८%) |
| मृत्यु भएको | २०३८ (०.७५%) | ९९८ (०.६७%) |

श्रोतः सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/१०/२५

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः



स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/१०/२५

यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

### ❖ गत २४ घण्टामा आइ. सी. यु र भेन्टिलेटरमा भएका बिरामीको संख्या:

यस प्रदेशमा गत २४ घन्टामा आइ. सी. यु र भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या यस प्रकार रहेको छ:

| विवरण | काठमाण्डौ उपत्यकाभित्र | काठमाण्डौ उपत्यकाबाहिर | जम्मा |
|---|---|---|---|
| आइ. सी. यु मा उपचाररत बिरामीको संख्या | १६ | ९ | २५ |
| भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या | ८ | ० | ८ |

### ❖ गत २४ घण्टामा प्राप्त जिल्लागत निधनको संख्या निम्न बमोजिम रहेको छ:

| जिल्ला | मृतकको संख्या र विवरण | |
|---|---|---|
| | संख्या | विवरण |
| ललितपुर | १ | ६९ वर्षिय पुरुष |
| | | जम्मा — १ |

- ललितपुरका ६९ वर्षिय पुरुष कोभिड, निमोनिया र स्वासप्रस्वासमा समस्या भएको कारणले माघ २३ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा माघ २४ गते निधन भएको छ। उहाँको माघ २४ गते कोभिड-१९ पुष्टि भएको थियो।उहाँलाई उच्चरक्तचाप र मधुमेह रोगको समस्या थियो ।

- उहाँको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

### ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण:

हालसम्म बागमती प्रदेशमा ७४७७ वटा क्वारेन्टाईन बेड रहेको छ । यस प्रदेशमा ४७०७ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले ४०९ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र ७५८ जना होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितिसम्मको विवरण अनुसार यस प्रदेशमा ११८२७३६ जनाको पिसिआर परिक्षण गरिएको छ र १४९५५५ जनामा संक्रमण देखिएको छ ।थप विवरण निम्न बमोजिम रहेको छ।

| जिल्ला | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | कै |
| --- | --- | --- | --- | --- |
| | जम्मा संकलित स्वाब संख्या | जम्मा पोजेटिभ | आजको नयाँ संक्रमण | |
| काठमाण्डौ | ६६४२१० | १०१८०३ | ४३ | |
| ललितपुर | २९७१२९ | १६१४३ | ८ | |
| भक्तपुर | २५६०० | ९२१३ | ४ | |
| रसुवा | ३५८५ | २४५ | - | |
| नुवाकोट | १०८७९ | १५७५ | २ | |
| धादिङ | ६५१९ | १७६८ | १ | |
| चितवन | ७२९९० | ७९६५ | ७ | |
| सिन्धुली | ४३५५ | ५९२ | - | |
| मकवानपुर | ३४३९८ | ४४१६ | - | |
| रामेछाप | ३०७३ | ५६८ | - | |
| दोलखा | ३५०२ | ७८२ | - | |
| काभ्रेपलान्चोक | ४९७६१ | ३६०३ | ३ | |
| सिन्धुपाल्चोक | ६७३५ | १०२४ | १ | |
| जम्मा | ११८२७३६ | १४९५५५ | ६९ | |

श्रोतः पोजिटिभ केस र होम आइसोलेसनको विवरण स्वास्थ्य आपतकालिन कार्य संचालन केन्द्र र प्रादेशिक स्वास्थ्य आपतकालिन कार्य संचालन केन्द्रबाट प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख (२०७७/१०/२५ )

## ❖ मुख्य-मुख्य क्रियाकलापहरुः

- **संक्रमितको खोजी र फलो-अप कार्यः**

सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा हिजोसम्म प्राप्त भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडाको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ३४२७४ | ४ | ४ | ० | ४ | |
| काभ्रेपलान्चोक, धुलिखेलको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | १७७५१ | १६ | १६ | ० | १६ | |
| त्रिशुली अस्पताल प्रयोगशाला | ४४११ | १४ | १४ | ० | १० | |
| भक्तपुर अस्पताल प्रयोगशाला | १८२५ | १८ | १८ | ० | १८ | |
| सिन्धुली अस्पताल प्रयोगशाला | ४४७ | २ | २ | ० | २ | |
| हेटौडा अस्पताल प्रयोगशाला | १६१ | १८ | १८ | ० | ११ | |

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p३.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः https://covid१९.mohp.gov.np/#/

-नेपाल सरकार गृह मन्त्रालय : https://covid१९.ndrrma.gov.np/

-कोभिड-१९ संकट ब्यवस्थापन केन्द्रः ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-१९-situation-updates

-विश्व स्वास्थ्य संगठन / नेपालः https://www.who.int/nepal

अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।

धन्यवाद !

प्रवक्ता

डा. पुरुषोत्तम राज सेढाई